तिमीहरूले सत्य बोल्नु पर्छ, किनकि सत्यले धर्मको बाटो देखाउँछ र धार्मिकताले पक्कै स्वर्गमा पुर्याउँछ ।

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूले सत्य बोल्नु पर्छ, किनकि सत्यले धर्मको बाटो देखाउँछ र धार्मिकताले पक्कै स्वर्गमा पुर्याउँछ । मानिस सधैं सत्य बोल्छ र सत्यको खोजीमा रहन्छ, यहाँसम्म ऊ अल्लाहको नजिक सिद्दीक (सत्यवान) लेखिन्छ । तिमीहरू झूट बोल्नबाट जोगिनुपर्छ, किनकि झूटले पापको बाटो देखाउँछ र पापले नरकमा लैजान्छ ।
मानिस सधैं झूट बोल्छ र झूटको खोजीमा रहन्छ, यहाँसम्म ऊ अल्लाहको नजिक झूठो घोषित गरिन्छ ।
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सत्य बोल्न आदेश दिनुभएको छ; किनकि सत्यले असल कर्मको बाटो देखाउँछ र धार्मिकताले असल काममा अडिग रहने व्यक्तिलाई स्वर्गमा पुर्याउँछ भनी उहाँले बताउनुभयो । मानिस वाह्य तथा आन्तरिक रूपमा सधैं सत्यवान र इमानदार रहिरहन्छ, यहाँसम्म उ 'सिद्दीक' को उपनाम पाउँछ; सिद्दीक भनेको इमानदारीको उच्च स्थान हो । त्यसपछि उहाँले झूट र झूट बोल्ने विरुद्ध चेतावनी दिनुभयो; किनभने यसले मानिसलाई निष्ठाबाट टाढा लैजान्छ, दुष्टता, भ्रष्टाचार र पाप गर्न उत्प्रेरित गर्छ र त्यसपछि नरकमा लैजान्छ । मानिस अझै धेरै झूट बोल्छ, यहाँसम्म ऊ अल्लाहको नजिक झूठो घोषित गरिन्छ ।

https://sunnah.global/hadeeth/ne/show/5504